**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

- अयोध्यामा श्रीराम जन्मभूमि तीर्थक्षेत्रमा भोलि हुने धर्म ध्वजरोहण भन्दा पहिले, आज भव्य विधिविधान संपन्न भैरहेछ। कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदी पनि उपस्थित हुनुहुनेछ|

- राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा न्यायमूर्ति सूर्यकांतलाई भारतको मुख्य न्यायाधीश पदको शपथ ग्रहण गराउनु हुनेछ। न्यायमूर्ति सूर्यकांत देशको 53औ मुख्य न्यायाधीश हुनेछन्।

- छैठौ अंतरराष्ट्रीय कृषि विज्ञान सम्मेलन आज नयाँ दिल्लीमा शुरू हुनेछ। कृषि र किसान कल्याण मंत्री शिवराज सिहं चौहानले कार्यक्रमको शुभारंभ गर्नुहुनेछ।

- सिखहरुका नवौं गुरु तेगबहादुर जीको आज ३५० औ शहीदी दिवस हो।

- पाँचौँ खेलो इन्डिया युनिभर्सिटी गेम्स आजदेखि राजस्थानमा सुरु हुँदैछ।

**<u>प्रधानमन्त्री-अयोध्या धर्म ध्वज</u>**

अयोध्यामा श्रीराम जन्मभूमि तीर्थक्षेत्रमा भोलि हुने धर्म ध्वजरोहण भन्दा पहिले, आज भव्य विधिविधान संपन्न भैरहेछ। ध्वजरोहण राम मंदिर निर्माण कार्यको समापनको प्रतीक रहेको छ। कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदी पनि उपस्थित हुनुहुनेछ र ध्वजरोहण कायक्रममा सहभागी हुनुहुनेछ। उहाले भोलि अयोध्यामा रोड शो पनि गर्नुहुनेछ। कार्यक्रमको तेस्रो दिन हिज राम मन्दिर परिसरमा वैदिक विधिसहित विभिन्न देवीदेवताहरुको आवाहन तथा पूजा सम्पन्न भएको छ।

( हाम्रो संवाददाताको विवरण:)

**प्रधानमन्त्री इटाली**

प्रधान मन्त्री नरेन्द्र मोदीले हिजो जोहानेसबर्गमा जी-२० शिखर सम्मेलनको अवसरमा इटालीकी समकक्षी जर्जिया मेलोनीसँग भेट गर्नुभयो। दुवै नेताहरूले व्यापार, लगानी, रक्षा, नवीनता, कृत्रिम बुद्धिमत्ता, अन्तरिक्ष र शिक्षाको क्षेत्रमा सम्बन्धलाई अझ बलियो बनाउने उपायहरूबारे छलफल गर्नुभयो। दुवै नेताहरूले आतंकवादको वित्त पोषण बिरुद्ध सहयोग बढ़ाउने तथा वैश्विक सुरक्षाको साझा प्रतिबद्धता अझ बलियो बनाउने संयुक्त पहलको पनि संकल्प लिनुभयो। सामाजिक सञ्जालमा पोष्ट गर्दै प्रधान मन्त्री मोदीले भन्नुभयो, भारत र इटालीबीचको रणनीतिक साझेदारीले दुवै देशका मानिसहरूलाई फाइदा पुर्याइरहेको छ। प्रधानमन्त्री मेलोनीले दिल्ली आतङ्कवादी हमलाको सम्बन्धमा भारतप्रति ऐक्यबद्धता व्यक्त गर्नुभयो र आतङ्कवादसँग लड्न मिलेर काम गर्ने प्रतिबद्धता दोहोराउनुभयो। दुवै नेताहरूले आतङ्कवादी गतिविधिलाई वित्त पोषण विरुद्ध लड्न संयुक्त पहलको समर्थन गर्नुभयो। प्रधान मन्त्री मेलोनीले अर्को वर्ष भारतले आयोजना गर्ने भारत-ईयू मुक्त व्यापार सम्झौता र कृत्रिम बुद्धिमत्ता प्रभाव शिखर सम्मेलनको सफलताको लागि
इटालीको बलियो समर्थन रहने व्यक्त गर्नुभयो।

**<u>राष्ट्रपति- मुख्य न्यायाधीश</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा न्यायमूर्ति सूर्यकांतलाई भारतको मुख्य न्यायाधीश पदको शपथ ग्रहण गराउनु हुनेछ। न्यायमूर्ति सूर्यकांत देशको 53औ मुख्य न्यायाधीश हुनेछन्। उहाँले न्यायमूर्ति भूषण आर. गवईको स्थान

लिनुहुनेछ , जो हिज सेवानिवृत्त हुनु भएको थियो। राष्ट्रपतिल तीस अक्तूबरमा न्यायमूर्ति सूर्यकांतलाई देशको अघिल्लो मुख्य न्यायाधीश नियुक्त गर्नुभएको थियो।उहाँ यस पदमा लगभग 15 महीनासम्म रहनुहुनेछ र 65 वर्षको आयुमा नौ फरवरी 2027 मा सेवानिवृत्त हुनुहुनेछ।

**नौसेना-माहेको जलावतरण**

भारतीय नौसेनाले आज मुम्बईको नेवल डकयार्डमा एमएएचई श्रेणीको पहिलो पनडुब्बी रोधी युद्धपोत माहे श्रेणीको **जलावतरण** गर्नेछ। उक्त समारोहको अध्यक्षता प्रधानसेनापति जनरल उपेन्द्र द्विवेदीले गर्ने छन्। रक्षा मन्त्रालयले भनेको छ कि देशमा युद्धपोत माहेको कमीशनले कम गहिराइमा नयाँ पुस्ताका युद्धपोतहरूको प्रतीक हुनेछ। माहे युद्धपोत ८० प्रतिशतभन्दा बढी स्वदेशी सामग्रीबाट निर्माण गरिएको हो।

खेलो इण्डिया युनिभर्सिटी गेम्स

पाँचौं खेलो इन्डिया युनिभर्सिटी गेम्स आजदेखि राजस्थानमा सुरु हुँदैछ। प्रतियोगितामा ओलम्पिक पौडीबाज श्रीहरि नटराज र प्रसिद्ध तीरंदाज भजन कौरसहित करिब ५ हजार खेलाडीको सहभागिता रहनेछ। वार्षिक प्रतियोगितामा २३० भन्दा बढी विश्वविद्यालयका खेलाडीले २४ खेल विधामा प्रतिस्पर्धा गर्नेछन्। यी प्रतियोगिताहरू जयपुर, उदयपुर, जोधपुर, कोटा, अजमेर, भरतपुर र बिकानेरमा आयोजना हुनेछन्। यस वर्षको प्रतियोगितामा क्यानोनिङ, कायाकिङ, साइक्लिङ, बिच भलिबललगायतका खेललाई समावेश गरिएको छ। श्रीहरि नटराज र भजन कौर, प्रनित कौर र अदिति गोपीचन्द स्वामी आ–आफ्नो स्पर्धामा पदकका शीर्ष दाबेदार हुन्। श्रीहरिले ओलम्पिकमा ६ वटा इभेन्टमा प्रतिस्पर्धा गर्नेछन्।

**कृषि विज्ञान सम्मेलन**

छैठौ अंतरराष्ट्रीय कृषि विज्ञान सम्मेलन आज नयाँ दिल्लीमा शुरू हुनेछ। कृषि र किसान कल्याण मंत्री शिवराज सिहं चौहानले कार्यक्रमको शुभारंभ गर्नुहुनेछ। तीन दिने यस कार्यक्रममा पूर्ण सत्र, विषयगत संगोष्ठी, मुख्य व्याख्यान, पोस्टर प्रस्तुति, प्रदर्शनी तथा युवा वैज्ञानिकहरुको र विद्यार्थिहरुको बैठक आयोजित गरिनेछ। कृषि र किसान कल्याण मंत्रालयले बताए अनुसार सम्मेलनमा एक हजारभन्दा अधिक वैश्विक प्रतिनिधि शामेल हुनेछन् र यसले विश्व स्तरीय वैज्ञानिक विचार-विमर्शलाई प्रभावी मंच बनाउनेछ। सम्मेलनमा कृषि विश्वविद्यालयहरुका कुलपति, भारतीय कृषि अनुसंधान परिषदका उप-महानिदेशक, उद्योग जगतका प्रतिनिधि र प्रमुख कृषि व्ययसाय नवाचारिहरु सहित विभिन्न अंतरराष्ट्रीय संगठनहरुका विशेषज्ञहरुले भाग लिने आशा गरिएको छ।यस वर्ष सम्मेलनको विषय रहेको छ - स्मार्ट कृषि खाद्य प्रणालिहरुको लागि नयाँ कृषि विज्ञान परिकल्पना। यस अन्तर्गत भविष्यका अनुकूल अधिक उत्पादक, जलवायु समायोजी, पर्यावरण अनुकूल र पोषण संवर्धक कृषि प्रणालिहरु स्थापित गर्नमा बल दिनेछ।

**तेगबहादुर शहादत दिवस**

सिखहरुका नवौं गुरु तेगबहादुर जीको आज ३५० औ शहीदी दिवस हो। मुगल सम्राट औरङ्गजेबको आदेशमा सन् १६७५ मा उनलाई मृत्युदण्ड दिइएको थियो। यस दिनलाई शहीदी दिवस भनिन्छ। गुरु तेगबहादुरले गुरु नानक देवको सन्देश देशभरि प्रशार गर्नुभयो। उहाले ११६ शबद र १५ रागहरू रचना गर्नुभयो। उहाका सन्देश आदि ग्रन्थहरुमा समावेश छन्।

**श्रम कानून- प्रतिक्रिया**

श्रम संगठन समन्वय केन्द्रका राष्ट्रीय महासचिव शिव प्रसाद तिवारीले श्रम संहिता सुधारहरुको स्वागत गर्नुभएको छ। उनले यसलाई एक ऐतिहासिक कदमको रूपमा वर्णन गर्नुभयो जसले 45 करोड असुरक्षित श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनेछ र देशको श्रमशक्तिमा क्रान्तिकारी परिवर्तन ल्याउनेछ।

**अनिवार्य घोषणा-पब्लिक स्पीक**

आकाशवाणीको समाचार सेवा प्रभागले , आज राती साढे नौ बजे फोन-इन कार्यक्रम "पब्लिक स्पीक" मा चौथौ राष्ट्रव्यापी डिजिटल जीवन प्रमाण पत्र अभियान मा परिचर्चा प्रसारण गर्नेछ। पेंशन र पेंशनर कल्याण विभागमा संयुक्त सचिव ध्रुवज्योति सेनगुप्ता, भारतीय विशिष्ट पहचान प्राधिकरणका उप महानिदेशक अभिषेक कुमार सिंह र रक्षा लेखा की संयुक्त महानियंत्रक मौली सेनगुप्ता परिचर्चामा शामेल हुनेछन् ।

श्रोताले स्टूडियोमा उपस्थित हाम्रा विशेषज्ञहरुसित डिजिटल जीवन प्रमाण प्रत्र जमा गर्न र गुनासो समाधानको लागि संपर्क सूत्र बारे प्रश्न सोध्न सक्नु हुनेछ। प्रश्न सोध्नका लागि टेलीफोन नंबर रहेको छ - 0 1 1 - 2 3 3 1 0 4 8 1, 0 1 1 - 2 3 7 1 7 1 1 7, 0 1 1 - 2 3 7 1 7 1 0 6 र 0 1 1 - 2 3 3 1 4 4 4 4. व्हाट्सएप नंबर 9 2 8 - 9 0 9 - 4 0 4 4 मा पनि प्रश्न सोध्न सक्नु हुनेछ। श्रोताले आफ्नो प्रश्न हैशटैग आस्क-ए.आई.आर. को साथ एक्स मा पनि पोस्ट गर्न सक्नुहुनेछ।

## श्रम कानून- प्रतिक्रिया

**श्रम संगठन समन्वय केन्द्रका राष्ट्रीय महासचिव शिव प्रसाद तिवारीले श्रम संहिता सुधारहरुको स्वागत गर्नुभएको छ। उनले यसलाई एक ऐतिहासिक कदमको रूपमा वर्णन गर्नुभयो जसले 45 करोड असुरक्षित श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनेछ र देशको श्रमशक्तिमा क्रान्तिकारी परिवर्तन ल्याउनेछ।**

**बाइट-**

## संगाई फ़िल्म फ़ेस्टिवल

मणिपुर राज्य फ़िल्म विकास सोसाइटीले आजदेखि शुक्रवारसम्म पैलेस ऑडिटोरियममा 7औ संगाई फ़िल्म फ़ेस्टिवल आयोजित गर्नेछ। फ़िल्म प्रेमिहरुको लागि पाँच दिनको निःशुल्क स्क्रीनिंग र इंटरएक्टिव सत्र हुनेछन्। समारोहको उद्घाटन बिहान 10:30 बजे हुनेछ।

## अमरीका-यूक्रेन शांति योजना

संयुक्त राज्य अमेरिकाले युक्रेनमा युद्ध अन्त्य गर्ने योजनालाई अन्तिम रूप दिन महत्त्वपूर्ण प्रगति भएको दाबी गरेको छ। तर हिजो भएको वार्तामा रुसी आक्रमणबाट युक्रेनको सुरक्षा ग्यारेन्टीबारे कुनै सहमति हुन सकेन। जेनेभामा अमेरिकी विदेशमन्त्री मार्को रुबियोले वार्ताको नेतृत्व गरेका थिए। वार्तामा युक्रेनको एक उच्चस्तरीय प्रतिनिधिमण्डल सहभागी रहेको छ। रुबियोले जेनेभामा पत्रकारहरूलाई भन्नुभयो कि युक्रेनको लागि सुरक्षा ग्यारेन्टी र नेटोको भूमिकासँग सम्बन्धित धेरै मुद्दाहरू अझै विचार गर्न बाँकी छ, तर युक्रेनका लागि २८ शुत्रिय शान्ति योजनाका धेरै बुँदाहरूमा राष्ट्रपति डोनाल्ड ट्रम्पले सहमति जनाएका छन्। हिजोको वार्तामा अमेरिका र युक्रेनी प्रतिनिधिमण्डलसँग युरोपका प्रतिनिधिहरू पनि सहभागी भएका थिए।

## खेलो इण्डिया युनिभर्सिटी गेम्स

पाँचौँ खेलो इन्डिया युनिभर्सिटी गेम्स आजदेखि राजस्थानमा सुरु हुँदैछ। प्रतियोगितामा ओलम्पिक पौडीबाज श्रीहरि नटराज र प्रसिद्ध तीरंदाज भजन कौरसहित करिब ५ हजार खेलाडीको सहभागिता रहनेछ। वार्षिक प्रतियोगितामा २३० भन्दा बढी विश्वविद्यालयका खेलाडीले २४ खेल विधामा प्रतिस्पर्धा गर्नेछन् । यी प्रतियोगिताहरू जयपुरए उदयपुरए जोधपुरए कोटाए अजमेरए भरतपुर र बिकानेरमा आयोजना हुनेछन्। यस वर्षको प्रतियोगितामा क्यानोनिङए कायाकिङए साइक्लिङए बिच भलिबललगायतका खेललाई समावेश गरिएको छ। श्रीहरि नटराज र भजन कौरए प्रनित कौर र अदिति गोपीचन्द स्वामी आ—आफ्नो स्पर्धामा पदकका शीर्ष दाबेदार हुन्। श्रीहरिले ओलम्पिकमा ६ वटा इभेन्टमा प्रतिस्पर्धा गर्नेछन्।

****** ० ******